मानननीय प्रदेश प्रमुख श्री नजिर मियाँले

प्रदेश सभामा प्रस्तुत गर्नुभएको

सुदूरपश्चिम प्रदेश सरकारको आर्थिक वर्ष २०८१/८२ को

**वार्षिक नीति तथा कार्यक्रम**

सुदूरपश्चिम प्रदेश सरकार

२०८१ जेठ २० गते

**माननीय सभामुख महोदय,**

**माननीय प्रदेश सभा सदस्यहरू,**

सुदूरपश्चिम प्रदेशको प्रदेश प्रमुखको हैसियतले प्रदेश सभाको यस गरिमामय बैठकलाई सम्बोधन गर्न पाउँदा म गौरवान्वित छु । मुलुकको शासन प्रणाली र समाजको अग्रगामी रूपान्तरणका लागि भएका ऐतिहासिक जनआन्दोलन तथा सशस्त्र संघर्ष लगायतका विभिन्न आन्दोलनका क्रममा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण प्रातः स्मरणीय ज्ञात-अज्ञात सहिदहरूप्रति उच्च सम्मानका साथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । घाइते तथा बेपत्ता नागरिकलाई उच्च सम्मान प्रकट गर्दै संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि अग्रपङ्तिमा रहेर नेतृत्व गर्नुहुने नेतृत्वकर्ता एवम् सम्पूर्ण देशभक्त नागरिकले राष्ट्र निर्माणमा पुऱ्याएको योगदानलाई आदरपूर्वक स्मरण गर्न चाहन्छु ।

संवत् २०८१ बैशाखमा नयाँ प्रदेश सरकार गठन भएको हो । यससँगै सुदूरपश्चिम प्रदेशको चालु बर्षको नीतिगत प्राथमिकता र बार्षिक बजेट तथा कार्यक्रमद्वारा निर्दिष्ट लक्ष्यहरू समयमै पूरा हुने कुरामा विश्वास लिएको छु । यसैगरी, सुदूरपश्चिम प्रदेशका साथै मुलुकको बृहत्तर हितमा समर्पित रहँदै सामाजिक न्यायसहित समृद्ध र समतामूलक समाज निर्माणको सङ्कल्प पूरा गर्न सहयोग मिलोस भन्ने अपेक्षासहित आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रमको कुशल कार्यान्वयनका लागि शुभकामना समेत व्यक्त गर्दछु ।

**माननीय सदस्यहरू,**

आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयनको समीक्षासहित हाँसिल हुने प्रगति प्रदेश सरकारको वार्षिक प्रगति प्रतिवेदनमा प्रस्तुत हुने नै हुँदा वर्तमान सरकार गठन भएपश्चात् प्रारम्भ गरिएका केही महत्वपूर्ण पहल संक्षेपमा प्रस्तुत गर्दछु ।

१. वर्तमान सरकार गठनसँगै प्रदेश सरकार र मुख्यमन्त्रीले सम्मानित प्रदेश सभामा सुशासन, समृद्धि र सामाजिक न्याय कायम गर्न शासकीय सुधार, अनुशासित योजना तथा विकास प्रणालीलाई संस्थागत गर्दै अघि बढ्ने प्रतिवद्धता व्यक्त गर्नुभएको सबैलाई विदितै छ। सरकारले अघि सारेको नीतिगत, कार्यक्रमगत तथा अन्य सुधारात्मक कार्यको परिणाम क्रमश: देखिन थालेको छ । वर्तमान सरकारले कार्यभार सम्हालेको छोटो अवधिमा नै अवलम्बन गरेको कार्यदिशा र शैली उत्साहजनक छ र यसले समग्र प्रदेशलाई राष्ट्रिय विकासको मूलधारमा जोड्नेछ भन्ने मैले विश्वास लिएको छु । राजनीतिक सहमति जुटाउने,

प्रदेश सभाको विश्वास लिई राजनीतिक स्थायित्वको प्रत्याभूति दिने र आगामी कार्यदिशा तय गर्ने सन्दर्भमा यो सरकारबाट सकारात्मक प्रयास भइरहेकै छ ।

२. प्रदेश सभाको विश्वास सहितको वार्षिक विकास कार्यक्रम पहिचान, छनौट र प्राथमिकीकरणमा अनुशासित र जवाफदेही प्रणाली स्थापनाको सुरुवात भएको छ । यस चालु आर्थिक वर्षको बाँकी समयमा सम्पन्न गरिसक्नुपर्ने कार्यहरू प्राथमिकताका साथ अगाडि बढेको छ । आर्थिक बर्ष २०८१/८२ का लागि नीति तथा कार्यक्रम र वार्षिक बजेट तर्जुमामा स्थानीय तह र सरोकारवाला निकायसँगको समन्वय र सहकार्यको संस्कृतिलाई निरन्तरता दिइएको छ । योजना तर्जुमा दिग्दर्शनमा संशोधन गरी योजना छनौट प्रक्रियालाई संविधान र कानुनबमोजिम मागमा आधारित, यथार्थपरक र सहभागितामूलक तुल्याउने अभ्यास प्रारम्भ गरिएको छ । यस्तो किसिमको अभ्यासबाट संघ, प्रदेश र स्थानीय तहबिचको कार्यात्मक सम्बन्धमा सुधार भई अर्थ-सामाजिक सन्तुलन कायम हुने विश्वास मैले लिएको छु ।

**माननीय सदस्यहरू,**

अव म सुदूरपश्चिम प्रदेश सरकारको आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

३. प्रथम पञ्चवर्षीय योजनाको विकास सम्बन्धी रणनीति, प्राथमिकता, क्षेत्रगत रणनीति र कार्यनीतिका आधारमा दिगो विकास लक्ष्य र विकासशील राष्ट्रमा स्तरोन्नति हुने राष्ट्रिय लक्ष्य हासिल गर्न सहयोग पुग्ने गरी प्रादेशिक विकास आयोजना तथा कार्यक्रममा बजेट विनियोजनलाई उच्च प्राथमिकता दिइनेछ ।

४. उद्यमशीलता विकास मार्फत प्रदेशमै रोजगार एवम् स्वरोजगार सिर्जना गरी औद्योगिक जनशक्ति उत्पादन मार्फत बेरोजगारी एवम् गरिबी न्यूनीकरण गर्ने र बढ्दो श्रम पलायनलाई रोक्ने खालका कार्यक्रमहरूलाई प्राथमिकता दिइनेछ ।

५. आत्मनिर्भर अर्थतन्त्र निर्माणको लागि स्वदेशी तथा विदेशी लगानीलाई आकर्षित गरी लगानीमैत्री वातावरण सिर्जना गर्न आवश्यक नीतिगत, कानुनी र कार्यक्रमगत व्यवस्था गरिनेछ ।

६. सरकारको स्रोत व्यवस्थापनमा परेको चापलाई मध्यनजर गर्दै पूँजीगत खर्च दक्षतालाई अभिवृद्धि गरिनेछ । सार्वजनिक खर्चमा मितव्ययीता कायम गर्न एकीकृत आन्तरिक नियन्त्रण प्रणाली मार्फत आर्थिक एवम् वित्तीय अनुशासनमा जोड दिइनेछ । प्रदेश

सरकारबाट विशेष र समपुरक अनुदान मार्फत गरिने कार्यक्रम तथा निर्माण हुने संरचनाको समग्र पक्षको गहन अनुगमन गरिनेछ ।

७. वार्षिक विकास कार्यक्रममा दिगो विकास लक्ष्य, लैङ्गिक उत्तरदायी एवम् जलवायु अनुकूलन सम्बन्धी बजेट कोड अवलम्बन गर्दै सो सम्बन्धी आवश्यक निर्देशिका तर्जुमा एवम् कार्यक्रम सञ्चालन गरिनेछ ।

८. सञ्चालनमा रहेका बहुवर्षीय एवम् क्रमागत तथा अधुरो दायित्व सिर्जना भएका आयोजनाहरूलाई उच्च प्राथमिकता दिदै समग्र आयोजना कार्यान्वयन, अनुगमन र मूल्याङ्कनलाई प्रभावकारी बनाइनेछ ।

९. परियोजनामा आधारित बजेट प्रणालीलाई आत्मसाथ गर्न उच्च आर्थिक र सामाजिक लाभ दिने एवम् पूँजी निर्माणमा योगदान पुऱ्याउने प्रदेश गौरव, रणनीतिक महत्व र रूपान्तरणकारी आयोजनाको सम्भाव्यता अध्ययन गरी आयोजना बैङ्कमा सूचीकृत गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखिनेछ । साथै, बहुवर्षीय आयोजना छनोट सम्बन्धी मापदण्ड, २०८० को प्रभावकारी कार्यान्वयन गरिनेछ ।

**माननीय सदस्यहरू,**

१०. एकल खाता कोष प्रणाली, कम्प्युटरीकृत सरकारी लेखा प्रणाली र सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीलाई थप सबल र सुदृढ बनाइनेछ । आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाई वित्तीय सुशासन कायम गर्न ठूला प्रादेशिक आयोजनाको विस्तृत आन्तरिक लेखापरीक्षण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

११. महालेखापरीक्षकको ६१ औं वार्षिक प्रतिवेदन लगायत अन्य वर्षका प्रतिवेदनहरूमा औंल्याइएको बेरुजु फछ्र्यौटका लागि प्रभावकारी कार्ययोजना बनाई फछ्र्यौट तथा समपरीक्षण गर्ने कार्यलाई उच्च प्राथमिकता दिइनेछ । साथै, बेरुजु फछ्र्यौटको प्रगतिका आधारमा सम्बन्धित कार्यालय प्रमुख तथा कर्मचारीलाई कार्यविधि बमोजिम सम्मान एवम् पुरस्कृत गरिनेछ ।

१२. राजस्वको दायरा फराकिलो बनाउँदै प्रदेश सरकारको आन्तरिक राजस्व परिचालन क्षमता विस्तार गरिनेछ । अध्ययन एवम् अनुसन्धानमा आधारित भई प्रदेशको राजस्व सुधार कार्ययोजना तर्जुमा गरी लागू गरिनेछ ।

१३. प्रदेश र स्थानीय तहबीचको वित्तीय अन्तरसम्बन्ध सुदृढ गर्न र राजस्व बाँडफाँटलाई प्रभावकारी बनाउन प्रदेशबाट हुने वित्तीय हस्तान्तरणलाई समन्यायिक र प्रभावकारी

बनाइनेछ । साथै प्रादेशिक योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा साझेदारी अभिवृद्धि गरिनेछ ।

१४. सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष ऐन, २०७५ तथा नियमावली, २०७६ ले लक्षित गरेका तथा गरिबीको रेखामुनि रहेको वर्ग र समुदायका स्वरोजगार बन्न चाहने युवायुवती तथा दुर्गम र हिमाली क्षेत्रका बासिन्दालाई बिशेष प्राथमिकता दिई प्रदेश स्वरोजगार कोषमार्फत सीपमूलक तालिम तथा सहुलियत व्याजदरमा कर्जा प्रदान गरी स्वरोजगार र उद्यमशील बन्न प्रेरित गरिनेछ ।

१५. आर्थिक तथ्यांक व्यवस्थापन एवम् तथ्यमा आधारित नीति तर्जुमाका लागि अध्ययन र अनुसन्धानलाई प्राथमिकता दिइनेछ । हरेक मन्त्रालय तथा केन्द्रीय निकायहरूमा सूचना तथा अनुसन्धान कक्षको व्यवस्थापन गरिनेछ । साथै, सूचना प्रविधि र तथ्यांक सम्बद्ध कर्मचारीका लागि तथ्यांक एवम् अनुसन्धान सीप सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

१६. सार्वजनिक खरिद कार्यलाई व्यवस्थित, मितव्ययी, पारदर्शी एवम् प्रभावकारी बनाउन सार्वजनिक खरिद सम्बन्धी तालिम, प्रशिक्षण एवम् कार्यशाला सञ्चालन गरिनेछ ।

१७. प्रदेशको आवश्यकता र प्राथमिकताका आधारमा उपलब्ध स्रोतको विवेकपूर्ण एवम् उच्च प्रतिफल परिचालन सुनिश्चित हुने गरी आयोजना व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ । तोकिएको समय, लागत र गुणस्तरमा आयोजना सम्पन्न गर्न बजेट तर्जुमा र आयोजना व्यवस्थापनका सम्बन्धमा सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७९ तथा नियमावली, २०८०, सुदूरपश्चिम प्रदेश बहुवर्षीय आयोजना छनोट सम्बन्धी मापदण्ड, २०८०, प्रदेश विनियोजन ऐन तथा बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शनको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनलाई कडाइका साथ लागू गरिनेछ ।

१८. बजेट तथा कार्यक्रम तर्जुमालाई सहभागितामूलक, माग उन्मुख र यथार्थपरक बनाउन संविधान, बजेट तर्जुमा दिग्दर्शन एवम् नीतिगत र कानुनी प्रावधानको अनुशरण तथा सरोकारवालाहरूसँग घनिभूत छलफल एवम् अन्तरक्रिया गरिनेछ ।

१९. बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन कार्यक्रम संशोधन, रकमान्तर, थप निकासा, स्रोत सुनिश्चितता एवम् बहुवर्षीय ठेक्का बन्दोबस्त सहमतिलाई व्यवस्थित, विधिसम्मत र आवश्यकता र औचित्यमा आधारित बनाइनेछ । वित्तीय पारदर्शीता कायम गर्न औचित्य पुष्टि नहुने खालका खर्च शीर्षक, नयाँ वा थप कार्यक्रम र गैरबजेटरी क्रियाकलापमा बजेट माग गर्ने प्रवृत्तिलाई निरूत्साहित गरिनेछ ।

**माननीय सदस्यहरू,**

२०. **“प्रदेश सरकार: कृषकको सहयात्री”** नाराका साथ कृषि उत्पादनको लागत न्यूनीकरण गर्दै उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न बीउ, बेर्ना, नश्ल, सिंचाई, मल लगायतका उत्पादन सामग्री तथा कृषि कर्जामा प्रदान गर्दै आएको सहुलियतलाई निरन्तरता दिइनेछ । कृषि अनुदानको विद्यमान अवस्थाको पुनरावलोकन गरी अनुदानलाई उत्पादनसँग आवद्ध गरिनेछ। उत्पादनमा आधारित कृषि अनुदानको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तहमा वित्तीय हस्तान्तरण गरिनेछ । कोल्ड स्टोर, दुग्ध तथा माछामासु चिस्यान केन्द्रहरूको विद्युत महशुलमा सहुलियत प्रदान गरिनेछ ।

२१. **“कृषिमा आत्मनिर्भर सुदूरपश्चिम प्रदेश सरकारको अभियान”** सञ्चालन गरी आगामी पाँच वर्षभित्र प्रमुख खाद्यान्न, दाल, तरकारी, मसलाबाली, फलफूल, दुध, मासु र अण्डामा आत्मनिर्भर उन्मुख हुने नीतिलाई निरन्तरता दिइनेछ । संघीय सरकारले कृषिमा लगानी दशक घोषणा गरे बमोजिम सरकारी, निजी, सहकारी तथा विकास साझेदारसँगको सहकार्यमा विशेष कृषि तथा पशुपन्छी उत्पादन तथा बजारीकरण कार्यक्रम संचालन गरिनेछ ।

२२. कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धनका लागि आवश्यकता अनुसार पूर्वाधार निर्माण तथा सुदृढीकरणलाई निरन्तरता दिइनेछ । सिंचाई विस्तारका लागि विद्युतीकरण सहित साना सिंचाई निर्माण र मर्मत कार्यक्रम संचालन गरिनेछ । स्थानीय तहसँगको लागत साझेदारीमा कष्टम हायरिङ्ग सेन्टर स्थापना तथा कृषि एम्बुलेन्स कार्यक्रम सञ्चालन गरिनेछ।

२३. सार्वजनिक-निजी साझेदारीमा खेतीयोग्य बाँझो जग्गाको उपयोग गरी फलफूल, तरकारी, मसला खेती, कृषि वन, घाँस खेती, पशुपालन तथा अन्य उत्पादनमूलक कार्यक्रम सञ्चालन गरिनेछ । साना किसानका लागि सामूहिक खेती, करार खेती तथा सहकारी खेती प्रवर्द्धन गरिनेछ।

२४. गुणस्तरीय बीउँबिजन आपूर्तिमा प्रदेशलाई आत्मनिर्भर बनाउँदै लगिनेछ । बीउँबिजन क्षेत्रको अनुगमन तथा नियमनका लागि आवश्यक संस्थागत संरचना तयार गरिनेछ ।

२५. **"व्यावसायिक कृषि, सम्मानित पेशा"** भन्ने नाराका साथ कृषिमा आधारित उद्यम र उद्यमशीलताको प्रवर्द्धन गर्न **"भीमदत्त पन्त कृषि पुरस्कार"** कार्यक्रम सञ्चालन गरिनेछ । स्थानीय तहको समन्वयमा नमूना व्यवसायिक फार्म स्थापना गरी क्रमशः सिकाई केन्द्रको रुपमा विकास गर्दै लगिने छ । यस्तो सिकाई केन्द्र सञ्चालन गर्ने किसानहरूलाई गुरु किसानको रुपमा सम्मान गरिनेछ । युवा वर्गलाई कृषिमा आकर्षण गर्न तथा रोजगारीका अवसर सिर्जना गर्नका लागि कृषि पर्यापर्यटनलाई जोड दिइनेछ ।

२६. प्रदेशका प्रमुख राजमार्ग तथा सडकखण्ड केन्द्रीत कृषिको ब्यावसायीकरण कार्यक्रम सञ्चालन गरिनेछ । भैसीको संरक्षण र बढ्दो मागलाई सम्बोधन गर्न भैसीपालनका संभाव्य क्षेत्रहरूमा व्यवसायिक भैसीपालन विषेश कार्यक्रम सञ्चालन गरिनेछ ।

२७. **"रैथाने बाली वस्तुको उत्पादन तथा उपभोग गरौं, खाद्य र पोषण सुरक्षा सुनिश्चित गरौं"** भन्ने नाराका साथ स्थानीय बाली वस्तुको उत्पादन र स्वच्छ तथा गुणस्तरयुक्त खाद्यवस्तुको उपभोगमा सबै वर्गको पहुँच सुनिश्चित गरी दिगो, समतामूलक र समानुकूलित खाद्य प्रणालीको विकास गरिनेछ । रैथाने तथा पोषणयुक्त बाली उत्पादन र प्रवर्द्धन तथा स्थानीय उत्पादनमा आधारित विद्यालय दिवा खाजा कार्यक्रममा समन्वय र घरबारी बगैंचा स्थापना जस्ता कार्यक्रम सञ्चालनमा जोड दिइनेछ ।

२८. सरकारी, गैरसरकारी, निजी क्षेत्र र कृषि सहकारी संस्थाहरूसँगको सहकार्यमा कृषि शिक्षा, कृषि अनुसन्धान एवम् प्रसार क्षेत्रका लागि **"कृषि उस्मायन केन्द्रको स्थापना"** मार्फत प्रविधि विकास तथा प्रसार सेवालाई प्रभावकारी बनाइनेछ । कृषकको समस्यामा आधारित शोध तथा अनुसन्धान कार्यका लागि कृषि विषयको स्नातक तहमा अध्ययनरत विद्यार्थीहरूलाई परिचालन गरिनेछ । **"हत्केलामा कृषि सेवा"** अवधारणा अनुरुप कृषि प्रविधि र सेवालाई सहजै कृषकले प्रयोग गर्ने गरी आधुनिक कृषि सूचना प्रणालीमा विशेष जोड दिइनेछ ।

२९. किसान सूचीकरण अभियानलाई तिव्रता दिन संघ, प्रदेश र स्थानीय तहका बीचमा आवश्यक समन्वय गरिनेछ । कृषि तथ्यांक संकलन, विश्लेषण र प्रक्षेपण सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

३०. **"कृषि उत्पादनको मूल आधार माटो हो"** भन्ने नाराका साथ माटोको उर्वरा शक्तिको दिगो व्यवस्थापनका लागि समुदायस्तरमा प्राङ्गारिक तथा गड्यौंले मल उत्पादन गर्न कृषकहरूलाई आवश्यक सहयोग गरिनेछ । **"प्रदेशको पहिचान सहितको प्राङ्गारिक खेती प्रवर्द्धन कार्यक्रम"** सञ्चालन गरी कृषि उपजको प्रमाणीकरण, ब्राण्डिङ्ग र बजारीकरणमा सहयोग गरिनेछ ।

३१. गुणस्तरीय बीउँबिजन, बेर्ना, माछाका भुरा उत्पादन तथा नश्ल सुधार गर्न प्रदेशभित्र रहेका सरकारी कृषि, पशुपन्छी तथा मत्स्य फार्म, प्रयोगशाला र केन्द्रको स्तरोन्नति गरिनुका साथै नयाँ स्रोत केन्द्रको सम्भाव्यता अध्ययन गरिनेछ । निजी क्षेत्रबाट सञ्चालित स्रोत केन्द्रहरूको सुदृढीकरण गर्न प्रोत्साहन गरिनेछ ।

३२. पशु कल्याणको आधारभूत अवधारणा अनुरुप सामुदायिक बेवारिसे पशु व्यवस्थापनका लागि स्थानीय तहसँगको समन्वय र साझेदारी कार्यक्रमलाई निरन्तरता दिइनेछ । कृषि बालीमा

जंगली जनावरले पुऱ्याइरहेको क्षतिको रोकथाम तथा न्यूनीकरणका लागि स्थानीय तहसँगको सहकार्यमा आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

३३. जुनोटिक र महामारीजन्य पशुपन्छी रोगहरूको रोकथाम तथा नियन्त्रणका लागि बृहत खोप कार्यक्रम अभियानका रूपमा सञ्चालन गरिनेछ । बाली एवं पशुपन्छीका रोग, किरा व्यवस्थापन तथा आकस्मिक सेवा कार्यक्रम सञ्चालन गरिनेछ । दुई वर्षमा खोरेत रोग उन्मूलन गर्ने राष्ट्रिय लक्ष्य अनुरुप प्रदेशमा खोरेत रोग नियन्त्रणको लागि आवश्यक रणनीति बनाई लागू गरिनेछ ।

३४. कृषिमा जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गर्न समानुकूलित कृषि प्रणालीको विकास र प्रवर्द्धन सहित **"जलवायु मैत्री कृषि नमूना गाउँ कार्यक्रम"** सञ्चालन गरिनेछ । कृषि तथा पशुपन्छी बीमा प्रवर्द्धन गर्ने नीतिलाई निरन्तरता दिइनेछ। विपद्बाट प्रभावित कृषकहरूका लागि मागमा आधारित पुनर्स्थापना कार्यक्रम सञ्चालन गरिनेछ ।

३५. प्रदेशभित्र रहेका भूमिहीन दलित, सुकुम्बासी, मुक्त कमैया, कम्लरी, हलिया तथा अव्यवस्थित बसोबासीहरूको व्यवस्थापन, पुर्नस्थापना र जिविकोपार्जन सुधारका लागि सरोकारवाला निकायहरूसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ । कृषि, पशुपालन र वन क्षेत्रको अन्तरसम्बन्धमा आधारित भू-उपयोग नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

३६. सहकारी संस्थाहरूको कानुन बमोजिम आवश्यक नियमन गरी सुशासन प्रवर्द्धन गर्ने कार्यलाई प्रभावकारी बनाइनेछ । कृषि तथा पशुपन्छीको उत्पादनदेखि बजारीकरणसम्म कृषि सहकारी संस्थाहरूको भूमिकालाई अभिबृद्धि गर्ने नीति अख्तियार गरिनेछ ।

**माननीय सदस्यहरू,**

३७. प्रदेशमा सञ्चालन भएका उद्योगहरूको प्रवर्द्धनका लागि नीतिगत सुधारका साथै युवाहरुलाई नवप्रवर्तनमा आधारित उत्पादनमूलक उद्योग तथा व्यवसाय सञ्चालनका लागि ज्ञान, सीप, तालिम, प्रविधि र वित्तीय पूँजीको व्यवस्था मिलाईनेछ।

३८. प्रदेशका लघु, घरेलु तथा साना उद्योगहरूको उत्पादनलाई बजारीकरणमा टेवा पुऱ्याउन सार्वजनिक-निजी-साझेदारीमा प्रदर्शनी स्थल सहितको बिक्री केन्द्र सञ्चालन गरिनेछ ।

३९. प्रदेशमा उपलब्ध कच्चा पदार्थको अधिकतम् उपयोग मार्फत आत्मनिर्भर हुनका लागि आवश्यक कच्चा पदार्थको पहिचान गरी उद्योग स्थापनार्थ सहयोग कार्यक्रम सञ्चालन गरिनेछ ।

४०. उपभोक्ताको हक अधिकारको संरक्षण, स्वच्छ प्रतिस्पर्धा, गुणस्तरीयबस्तु उत्पादन र वितरण, कालोबजारी र कृत्रिम अभाव नियन्त्रण र आपूर्ति व्यवस्थालाई सहज बनाउन प्रभावकारी बजार अनुगमनको कार्यक्रम सञ्चालन गरिनेछ ।

४१. उद्योग प्रशासनलाई आधुनिक र सेवाग्राहीमैत्री बनाउन औद्योगिक क्षेत्र व्यवस्थापनलाई विद्युतीय प्रणालीमा आवद्ध गरिनेछ । स्थानीय सम्भावनाको आधारमा उद्योग क्षेत्रमा आवश्यक जनशक्ति व्यवस्था गरी **"एक जिल्ला एक उद्योग कार्यक्रम"** सञ्चालन गरिनेछ ।

४२. महिला, आदिवासी जनजाति, राउटे, दलित, अपाङ्ग, द्वन्द्व पीडित, सशस्त्र संघर्ष तथा जन आन्दोलनका घाइते, शहीद परिवार, एकल महिला लगायत आर्थिक एवम् सामाजिक रुपले पिछडिएका समुदायको उत्थानका लागि **"दशरथ चन्द सीपमूलक र क्षमता अभिबृद्धि कार्यक्रम"** सञ्चालन गरिनेछ ।

४३. सरकारी, निजी र सहकारी क्षेत्रको साझेदारीमा परम्परागत ज्ञान तथा मौलिक सीपमा आधारित साना उद्योगहरुको स्थापना, सञ्चालन र प्रविधि हस्तान्तरण गरिनेछ ।

४४. **"उद्यमी युवा, विकासमा टेवा"** भन्ने मूल नाराका साथ युवाहरूमा सकारात्मक सोंच, सीप, दक्षता, उद्यमशीलता र नेतृत्व विकास गर्न निजी क्षेत्रलाई **"Business Incubation Centre"** को अवधारणा कार्यान्वयनमा ल्याउन प्रोत्साहन गरिनेछ । यसका लागि बैदेशिक रोजगारबाट फर्किएका सीप र क्षमतायुक्त युवाहरुलाई निजी क्षेत्रसँग सहकार्य गर्न प्रोत्साहन गरिनेछ ।

४५. प्रदेशस्तरमा उत्पादित वस्तु र सेवाहरू प्रदेशस्थित सार्वजनिक निकायमा उपयोग गर्न प्रोत्साहनका लागि **"गरौं उत्पादन, राखौं पहिचान"** कार्यक्रममा जोड दिइनेछ ।

४६. स्थानीय स्रोत, साधन र प्रविधिमा आधारित भई उत्पादन गरिएका हस्तकला, काष्ठकला र मुर्तिकलाजन्य वस्तुहरुको बजारीकरण गर्न मुख्य पर्यटकीय स्थलहरुमा **"कोशेली घर"** स्थापना र सञ्चालन गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ । यस प्रदेशका विशिष्ट उत्पादनलाई प्रशोधन, ब्रान्डिङ, लेवलिङ्ग, बजारीकरण र गुणस्तर निर्धारण गर्न संघीय सरकारसँग आवश्यक समन्वय गरिनेछ ।

४७. सुदूरपश्चिम प्रदेश पर्यटन विकास गुरुयोजनाले निर्दिष्ट गरेका उद्देश्य प्राप्तिका लागि पर्यटनका मुख्य गन्तब्य स्थलहरू; खप्तड, बडीमालिका, रामारोशन, बैद्यनाथ धाम, शैलेश्वरी, सुर्मदिवी, उग्रतारा, चिसापानी, राजकाँडा, शुक्लाफाँटा, बतासे झरना, परशुराम धाम, घोडाघोडी, बेहडाबाबा, भम्केनी धाम, अजयमेरु कोट, महाभारत लेक, टीकापुर पार्क, भागेश्वर धाम, अपि, सैपाल, जालपादेवी, मालिकार्जुन धाम, मेलौली, त्रिपुरासुन्दरी लगायत पर्यटकीय सम्भावना भएका क्षेत्रहरुमा पर्यटन पूर्वाधारको विकास, विस्तार र प्रवर्द्धन गरिनेछ।

देवाटन, धार्मिक पर्यटन र पर्या-पर्यटनको लागि पर्यटन सर्किटको संभाव्यता अध्ययन गरिनेछ । दार्चुला जिल्लामा **"स्वर्गीय प्रेमसिंह धामी व्यास विशेष कार्यक्रम"** सञ्चालन गरिनेछ ।

४८. **"पर्यटन पूर्वाधारः समृद्ध प्रदेशको आधार"** भन्ने नाराका साथ संघ, प्रदेश र स्थानीय तह एवम् निजी क्षेत्रसँगको सहकार्यमा पर्यटन गुरुयोजना बमोजिम होटल, लज, हिल स्टेसन, डाउन हिलसाइड साइकल रुट, स्काई साइकल, बन्जी जम्प, होमस्टे, जिपलाइन, प्याराग्लाइडिङ्ग, न्याफ्टिङ्ग, रक क्लाइम्बिङ्ग लगायतका पर्यटन पूर्वाधारहरूको विकास गरिनेछ । संघ, प्रदेश, स्थानीय तह र निजी क्षेत्रको समन्वय र सहभागितामा पर्यटन महोत्सव आयोजना गरिनेछ ।

४९. पर्यटन विकासको माध्यमबाट रोजगारी सिर्जना गरी गरिबी न्यूनीकरणका माध्यमबाट आर्थिक विकासमा टेवा पुऱ्याउन धार्मिक तथा पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण क्षेत्र र राष्ट्रिय तथा प्रादेशिक महत्वका ताल-तलैयाको संरक्षण र प्रवर्द्धन गरिनेछ ।

५०. प्रदेशको कला, संस्कृति, भेषभुषा, रहनसहन र परम्परा झल्किने गरी धार्मिक, सांस्कृतिक, पुरातात्विक र ग्रामिण पर्यापर्यटन प्रवर्द्धन गर्न प्रदेशस्तरमा एकीकृत सांस्कृतिक संग्रहालय निर्माणको थालनी गरिनेछ । निर्माण सम्पन्न भएका संग्रहालयहरू सञ्चालन गर्न आवश्यक मोडालिटी तयार गरिनेछ ।

५१. पर्यटन ऐनलाई समसामयिक, व्यावसायिक र पर्यटनमैत्री बनाउन सरोकारवालाहरू समेतको परामर्शमा आवश्यक संशोधन गरिनेछ । साथै, प्रदेश सरकारको सहयोगमा निर्माण भएका पर्यटन पूर्वाधारहरूको यथोचित व्यवस्थापनका लागि हस्तान्तरण तथा सञ्चालन कार्यविधि तर्जुमा गरी हस्तान्तरण प्रक्रिया अगाडि बढाइनेछ ।

५२. संभाव्यताका आधारमा आवश्यक संख्यामा **"नमूना होमस्टे"** सञ्चालनका लागि आवश्यक पूर्वाधार निर्माण गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।

५३. **"सामुदायिक वन प्रदेशको धन"** भन्ने नाराका साथ वन पैदावारलाई आर्थिक विकासको साधनको रुपमा उपयोग गर्न आवश्यक नीतिगत र कानूनी सुधार गरिनेछ ।

५४. एकीकृत संरक्षण र विकासको अवधारणा बमोजिम वन क्षेत्रको दिगो व्यवस्थापन गरी वन पैदावारको उत्पादन र उत्पादकत्व अभिबृद्धि गरिनेछ । सोका लागि वन क्षेत्रका सरोकारवालाहरूको संस्थागत क्षमता सुदृढीकरणमा जोड दिइनेछ ।

५५. वन, वातावरण, जैविक विविधता, पर्यापर्यटन र जलाधार क्षेत्रको अध्ययन, अनुसन्धान र प्रशिक्षणका कार्यक्रमलाई निरन्तरता दिइनेछ । यसका लागि विद्यमान संरचनाबाट कार्यमूलक अनुसन्धान र क्षमतामूलक प्रशिक्षण सञ्चालन गरिनुका साथै विश्वविद्यालयसँग

समझदारी गरी अध्ययन अनुसन्धानमा आवद्ध वन विज्ञानका विद्यार्थीहरुलाई ईन्टर्नीशिपमा सामेल गराइनेछ ।

५६. स्थानीय, रैथाने, लोपोन्मुख प्रजाति र उच्चमूल्यका जडिबुटी तथा गैरकाष्ठ वन पैदावारका बिरुवा उत्पादन र वृक्षारोपणमा जोड दिइनेछ । जडिबुटीको पकेट क्षेत्र पहिचान गरी जडिबुटीको दिगो सङ्कलन, प्रशोधन र बजारीकरणका माध्यमबाट मूल्य अभिबृद्धि शृङ्खलाको कार्यक्रम अगाडि बढाइनेछ । साथै, चिउरी, टिमुर, रिठ्ठा, नीम, ओखर, डालेचुक जस्ता खेतीको संरक्षण, सम्वर्द्धन एवम् विस्तारमा जोड दिइनेछ । संघसँगको समन्वयमा सेन्टर अफ एक्सेलेन्सको अवधारणा अनुरूप हुने गरी जडीवुटी अनुसन्धान तथा प्रशोधन कार्य अगाडि बढाइनेछ ।

५७. वन पैदावारको सदुपयोग गरी राजश्व अभिबृद्धि गर्न र प्राप्त हुने लाभको न्यायोचित बाँडफाँट गर्ने व्यवस्था मिलाइनेछ । ढलापडा तथा सुकेका रुखहरूको सङ्कलन तथा व्यवस्थापनका लागि आवश्यक कार्यक्रम तथा बजेटको व्यवस्था गरिनेछ । प्रदेशस्थित सार्वजनिक निकायका पूर्वाधारहरू निर्माण तथा फर्निचर उपयोग गर्दा स्वदेशी काठको प्रयोगलाई प्रोत्साहन गरिनेछ । निजी तथा पारिवारिक वनबाट उत्पादित काठ दाउराको सङ्कलन, ओसारपसार र उपयोग प्रक्रियालाई सरलीकृत गरिनेछ ।

५८. गरीब विपन्न तथा सिमान्तकृत वर्गलाई प्रत्यक्ष लाभ पुग्ने गरी कबुलियती वन, समूहमा आधारित कृषि वन र जिविकोपार्जन कार्यक्रम सञ्चालन गरिनेछ ।

५९. समुदायवा निजी क्षेत्रलाई तोकिएको मापदण्ड बमोजिम व्यावसायिक रुपमा वन्यजन्तु पालन गर्न आवश्यक नीतिगत तथा कानुनी संरचना तयार गरिनेछ ।

६०. मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि प्रवर्द्धनात्मक, उपचारात्मक र निरोधात्मक उपायहरू अवलम्बन गरिनेछ । साथै, वन्यजन्तु उद्दारका लागि साधनस्रोत सहितको वन्यजन्तु उद्दार टोली गठन गरी परिचालन गरिनेछ । समुदायमा आधारित वन्यजन्तु उद्दार केन्द्र स्थापना गर्न वन समूहहरूलाई प्रोत्साहन गरिनेछ ।

६१. वन क्षेत्रमा हुनसक्ने अतिक्रमणलाई समयमै रोकथाम गरी विगतमा भएका अतिक्रमण समेतलाई क्रमशः हटाइनेछ । वन क्षेत्रसँग सम्बन्धित सरोकारवालाहरूको संलग्नतामा वन क्षेत्र सुरक्षा तथा अतिक्रमण नियन्त्रण कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

६२. जलवायु परिवर्तन अनुकूलन र कार्बन उत्सर्जन न्यूनीकरणबाट प्राप्त हुने लाभलाई हरित अर्थतन्त्र प्रवर्द्धन गर्ने गरी उपयोग र व्यवस्थापन गरिनेछ । स्थानीय तह तथा विकास साझेदारहरूको सहकार्यमा जलवायु उत्थानशील पारिस्थितीय प्रणालीमा आधारित अनुकुलन कार्यक्रम सञ्चालन गरिनेछ । बर्षातको पानी संकलन तथा व्यवस्थापन प्रणालीमा जलवायु

उत्थानशीलता सुनिश्चित गर्न परम्परागत ज्ञान, अभ्यास र स्थानीय स्रोतहरूलाई उपयुक्त प्रविधिहरूसँग एकीकृत गरिनेछ ।

६३. सबै सामुदायिक वन उपभोक्ता समूहमा सुशासन अभिबृद्धि गरी आर्थिक अनुशासन कायम गर्न दोहोरो लेखा प्रणाली कायम गर्ने गरी सुधारका कार्यक्रम कार्यान्वयन गरिनेछ ।

६४. वन सम्पदाको संरक्षणमा चुनौतीका रुपमा रहेको वन डढेलो नियन्त्रणका लागि सम्बन्धित सरोकारवालाहरूको क्षमता अभिबृद्धि र आवश्यक उपकरणहरूको व्यवस्था गरी समन्वयात्मक रुपमा परिचालन गरिनेछ ।

६५. संवेदनशीलताका आधारमा जलाधार क्षेत्रको पहिचान र प्राथमिकीकरण गर्दै एकीकृत जलाधार व्यवस्थापन योजना तयार पारी क्रमिक रुपमा लागू गरिनेछ ।

६६. आकस्मिक जल उत्पन्न प्रकोप व्यवस्थापनको लागि आवश्यक कार्यक्रम तथा बजेट विनियोजन गरी विपद् व्यवस्थापन समितिको सिफारिसमा कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

६७. चुरे क्षेत्रको संवेदनशीलतालाई मध्यनजर गरी चुरे-तराई-मधेश संरक्षण तथा व्यवस्थापन सम्बन्धी गुरुयोजनाले परिलक्षित गरेका नीति र कार्यक्रमसमेतका आधारमा संघ र स्थानीय सरकारसँग समन्वय गरी चुरे क्षेत्रको दिगो व्यवस्थापन र संरक्षणका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

६८. विकास तथा वातावरण बीच सामञ्जस्यता ल्याउन आयोजना कार्यान्वयन पूर्व वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्ने र सम्बन्धित निकायको स्वीकृति लिने कानूनी व्यवस्थालाई संस्थागत गरिनेछ।

**माननीय सदस्यहरू,**

६९. **"जयपृथ्वी बहादुर सिंह शैक्षिक पूर्वाधार विकास तथा विद्यालय शिक्षा गुणस्तर सुधार कार्यक्रम"** मार्फत विद्यालय शिक्षामा पहुँच वृद्धि, गुणस्तर सुधार, शैक्षिक पूर्वाधार निर्माण र सिकाई उपलब्धि सुधारका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ । प्रदेश सरकार र स्थानीय तहको साझेदारीमा प्रत्येक प्रदेश सभा निर्वाचन क्षेत्रमा मापदण्ड तयार पारी एक-एक वटा विद्यालय छनौट गरी नमूना विद्यालयका रूपमा विकास गर्दै लगिनेछ ।

७०. प्रदेशभित्रका प्राकृतिक स्रोत एवम् स्थानीय संभावनाहरूको अध्ययन अनुसन्धान गरी प्रदेशको आर्थिक विकासमा टेवा पुर्‍याउन तथा दक्ष प्राविधिक जनशक्तिको उत्पादन गर्न सुदूरपश्चिम प्रदेशमा विज्ञान तथा प्रविधि विश्वविद्यालय स्थापनाका लागि कानुन तर्जुमा गरिनेछ। प्रदेश सरकारको कार्यक्षेत्रभित्र रहेका वन, कृषि, जडिबुटी, बसाई-सराई, युवा

पलायन, जोखिम बस्ती स्थानान्तरण जस्ता विषय क्षेत्रमा अध्ययन अनुसन्धान गरी सरकारलाई पृष्ठपोषण दिन विश्वविद्यालय अन्तर्गत छुट्टै अनुसन्धान केन्द्रको स्थापना गरिनेछ।

७१. प्रत्येक स्थानीय तहमा एक-एक वटा बालविकास केन्द्रलाई नमूना बालविकास केन्द्रको रुपमा विकास गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ । अन्तर्राष्ट्रिय सीमासँग जोडिएका क्षेत्रका बालविकास केन्द्र सुधार, विद्यालयमा शैक्षिक गुणस्तर सुधार र लक्षित समूह आय-आर्जन तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ । परम्परागत तथा धार्मिक प्रकृतिका विद्यालयलाई संरक्षण र प्रोत्साहनका लागि अनुदान सहयोग गरिनेछ । विद्यालय नर्स कार्यक्रमलाई क्रमशः विस्तार गर्दै लगिनेछ । बालबालिकाको स्वास्थ्य तथा पोषण अवस्थाको सुधार गर्न स्थानीय उत्पादनमा आधारित विद्यालय दिवा खाजा कार्यक्रमलाई प्रोत्साहन र सहयोग गरिनेछ ।

७२. अपाङ्गता भएका र सीमान्कृत वर्गका बालबालिका लक्षित शैक्षिक पूर्वाधार निर्माण तथा प्रोत्साहनमूलक कार्यक्रममार्फत शिक्षालाई सर्वसुलभ एवम् समावेशी बनाइनेछ । बादी समुदायका बालबालिकाहरुको विद्यालय शिक्षामा सहज पहुँचको लागि **"बादी उत्थान छात्रवृत्ति कार्यक्रम"** लाई निरन्तरता दिइने छ । बादी समूदायका छात्रछात्राहरुको प्राविधिक शिक्षा र उच्च शिक्षामा पहुँच वृद्धि गर्न छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

७३. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रमको गुणस्तर र सान्दर्भिकता अभिवृद्धि गर्न प्राविधिक शिक्षा प्रदायक शैक्षिक संस्थाहरूको क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ । पूर्वसिकाईको मान्य विधिबाट सीप परीक्षण कार्यक्रमलाई निरन्तरता दिइनेछ । माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूका लागि **"बृत्तिमार्ग निर्देशन सम्बन्धी कार्यक्रम"** सञ्चालन गरिनेछ ।

७४. गरिब, विपन्न, शहीद, बेपत्ता र घाइते परिवार, अपाङ्ग, महिला, दलित, मुक्त कमैया, कम्लरी, हलिया र सीमान्तकृत वर्गका छात्रछात्रा तथा जेहेन्दार विद्यार्थीलाई उच्च शिक्षा, चिकित्सा शिक्षातर्फको एम.बि.बि.एस र विषेशज्ञ चिकित्सा अध्ययन गर्न छात्रवृत्ति दिने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

७५. उच्च शिक्षालाई अनुसन्धानमूलक बनाउन सुदूरपश्चिम विश्वविद्यालयसँगको सहकार्यमा अनुसन्धान एवम् नवप्रवर्तन कार्यक्रम सञ्चालन गरिनेछ । उच्च शिक्षामा पहुँच विस्तारसँगै गुणस्तरमा सुधार गर्न सामुदायिक क्याम्पसहरुलाई कार्यसम्पादनका आधारमा अनुदान दिने व्यवस्था मिलाइनेछ ।

७६. विद्यालय शिक्षाको शैक्षिक गुणस्तर सुधारका लागि शिक्षकको पेशागत विकास सम्बन्धी तालिम कार्यक्रम सञ्चालन गरिनेछ । शैक्षिक परामर्श सेवाको अनुमति, सञ्चालन एवम् मापदण्ड निर्धारण कार्यका लागि आवश्यक प्रवन्ध गरिनेछ ।

७७. प्रदेशस्तरको मानव संशाधनको आवश्यकता प्रक्षेपणका लागि अध्ययन गरिनेछ । प्रदेशभित्रका विभिन्न जातजाति, भाषा, धर्म, संस्कृति, कला-साहित्यको पहिचान, उत्थान, संरक्षण र विकास सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ । थारु जातिका 'बडघर' र 'भलमन्सा' प्रथालाई सम्वर्धन र व्यवस्थापन गर्न आवश्यक कानुनी व्यवस्थाका लागि अध्ययन गरिनेछ । प्रदेशको भाषा तथा संस्कृतिको प्रचार प्रसार तथा प्रवर्द्धनका लागि **"पहलमान सिहं स्वाँर साहित्य तथा सँस्कृति सम्मेलन"** आयोजना गरिनेछ । सुदूरपश्चिम प्रज्ञा प्रतिष्ठानलाई पूर्णता दिईनेछ । सामुदायिक तथा सार्वजनिक पुस्तकालयहरूका लागि प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरी प्रादेशिक पुस्तकालयको रूपमा विकास गरिनेछ ।

७८. प्रदेशभित्र रहेका ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक महत्वका सम्पदाहरुको खोज र अन्वेषण गरी अभिलेखीकरण गरिनेछ । प्रदेशस्तरीय संग्रहालय स्थापना र सञ्चालन गरिनेछ। एक जिल्ला एक पुरातात्विक सम्पदाको संरक्षण गर्ने कार्यक्रम प्रारम्भ गरिनेछ ।

७९. प्रदेश खेलकुद नीति तर्जुमा गरी खेलकुद क्षेत्रको संस्थागत विकास गरिनेछ । प्रदेश भित्रका सवै जिल्लाहरूमा क्रमशः बहुउद्देश्यीय रंगशाला निर्माण र स्तरोन्नति गर्दै लगिनेछ। राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरका खेलकुद प्रतियोगितामा उत्कृष्ट भई पदक प्राप्त गर्ने प्रदेशका खेलाडीलाई विशेष सम्मान सहित प्रोत्साहन गरिनेछ । खेलकुदलाई पर्यटनसँग आवद्ध गरी पर्यटन प्रवर्द्धन हुने खालका खेलकुद प्रतियोगिताहरू आयोजना गरिनेछ ।

८०. **"प्रदेश स्वयंसेवक परिचालन कार्यक्रम"** मार्फत युवाहरूलाई प्रदेशको विकासमा सहभागी गराइनेछ । युवाहरूमा नवप्रवर्तन र आविष्कारप्रति उत्प्रेरणा जगाउन **"युवा वैज्ञानिक प्रोत्साहन कार्यक्रम"** लागू गरिनेछ ।

८१. प्रदेश अन्तर्गतका अस्पताल तथा स्थानीय तहका स्वास्थ्य चौकीहरूलाई थप स्तरोन्नति र सुदृढीकरण गरी सबै जिल्ला अस्पताल तथा आयुर्वेद चिकित्सालयमा फिजीयोथेरापी सेवा विस्तार गरिनेछ । विद्यालयसँग योग र ध्यानलाई जोड्न आवश्यक ब्यवस्था गरिनेछ। कल्पसनद चिकित्सा पद्धतिको विकास र विस्तारका लागि संभाव्यता अध्ययन गरिनेछ ।

८२. सिकेलसेल एनिमिया, थालासेमिया, हेमोफिलिया जस्ता रोगहरूको पहिचान, निदान र उपचारको व्यवस्थाका लागि **"घोरीघोरा स्वास्थ्य उपचार कार्यक्रम"** लागू गरिनेछ ।

८३. **"मुख्यमन्त्री स्वास्थ्य क्षेत्र सुधार तथा पोषण सुरक्षा कार्यक्रम"** अन्तर्गत प्रदेशमा कुपोषण न्यूनीकरण र केस व्यवस्थापन गर्न स्थानीय तहसँगको समन्वय र सहकार्यमा स्वास्थ्य

संस्थामा पोषण पुनर्स्थापना केन्द्रहरू स्थापना, विस्तार र स्तरोन्नति गरिनेछ । सेती प्रादेशिक अस्पताल, महाकाली प्रादेशिक अस्पताल, टीकापुर अस्पताल, प्रादेशिक आयुर्वेद चिकित्सालय तथा मातहतका स्वास्थ्य निकायहरुको जनशक्ति व्यवस्थापन गर्न संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न गरिनेछ । प्रादेशिक आयुर्वेद चिकित्सालयमा अन्तरंग सेवा सञ्चालन गरी बिशेषज्ञ आयुर्वेद सेवा प्रदान गरिनेछ । प्रदेश मातहत रहेका अस्पतालहरूको स्तरोन्नति र क्षमता अभिवृद्धि गरिनेछ । सेती अस्पतालमा क्यान्सर रोगको उपचारका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

८४. प्रसुति केन्द्रहरू र **"ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रम"** लाई थप सुदृढीकरण गरी प्रजनन् स्वास्थ्य सम्बन्धी रोगहरू र रुग्णताको पहिचानका साथै समयमै व्यवस्थापनका लागि पहिचान र निदान गर्न विषेशज्ञ सहितको एकीकृत स्वास्थ्य शिविर सञ्चालन गरिनेछ । प्रत्येक जिल्ला अस्पतालमा वाल-रोग विशेषज्ञ, स्त्री-रोग विशेषज्ञ र हाड-जोर्नी रोग विशेषज्ञ सेवा सञ्चालनको लागि संघीय सरकारसँग आवश्यक समन्वय गरिनेछ ।

८५. शारीरिक विकृति र अटिजम भएका वालवालिकाहरूको उचित व्यवस्थापन गरिनेछ । स्थानीय तहसँगको सहकार्यमा अपांगता भएका व्यक्तिहरुको पुनर्स्थापनाका लागि सहायक सामग्री वितरण र समुदायमा आधारित पुनर्स्थापनाका क्षेत्रमा आवश्यक सहयोग गरिनेछ । प्रदेश मातहतका अस्पतालहरूमा इलेक्ट्रोनिक मेडिकल रेकर्ड प्रणालीको विस्तार र व्यवस्थापन गरिनेछ । एम्बुलेन्स सेवालाई प्रभावकारी बनाउन प्रादेशिक प्रेषण केन्द्रलाई थप व्यवस्थित गरिनेछ ।

८६. प्रदेशभित्रका अस्पतालहरूमा रहेका सामाजिक सुरक्षा इकाइलाई थप व्यवस्थित र सुदृढ गरिनेछ । संघ सरकारसँगको समन्वयमा स्वास्थ्य वीमालाई थप विस्तार गरी प्रभावकारी बनाइनेछ ।

८७. **"मेरो स्वास्थ्य; मेरो जिम्मेवारी"** भन्ने नारा सहित नसर्ने तथा मानसिक रोग न्यूनीकरणका लागि स्थानीय तहसँगको समन्वयमा नसर्ने रोग सम्बन्धी योजना कार्यान्वयन गरिनेछ । नसर्ने रोग नियन्त्रण र रोकथामका लागि संघ सरकारसँगको समन्वयमा प्रदेश मातहत रहेका नागरिक आरोग्य सेवा केन्द्रहरुलाई थपव्यवस्थित गरिनेछ । प्रादेशिक अस्पतालहरूमा **'मानसिक स्वास्थ्य इकाई'** स्थापनाका लागि आवश्यक व्यवस्था मिलाइनेछ।

८८. स्थानीय तहसँगको समन्वयमा एकीकृत विशेषज्ञ स्वास्थ्य शिविरहरू सञ्चालन गरिनेछ । सडक दुर्घटनाबाट स्वास्थ्य क्षेत्रमा हुने क्षति न्यूनीकरण गर्न सुरक्षाकर्मीहरूलाई **'बेशिक**

**लाइफ सपोर्ट', 'फस्ट एड'** जस्ता तालिमहरू सञ्चालन गरी आवश्यक स्वास्थ्य सामग्रीहरू प्रदान गर्ने व्यवस्था गरिनेछ।

८९. प्रदेशस्तरमा पानी, वायु र ध्वनीको गुणस्तर मापनका लागि आवश्यक औजार र यन्त्र-उपकरणको व्यवस्था गरिनेछ । गुणस्तर निगरानी र नियमन गर्नका लागि सरोकार निकायसँग समन्वय गर्न आवश्यक प्रवन्ध मिलाइनेछ ।

९०. स्थानीय तह र संघ सरकारसँगको समन्वयमा विपद, महामारी र किटजन्य रोगहरूको नियन्त्रण र व्यवस्थापनलाई निरन्तरता दिईनेछ । विद्यालय तहमा यस सम्बन्धी सचेतना अभिबृद्धि गर्न आवश्यक सामग्री तयार गरिनेछ ।

९१. प्रदेशभित्रका जेष्ठ नागरिकहरुको स्वास्थ्य समस्याहरूको समयमै उचित व्यवस्थापन गर्नका लागि स्थानीय तहसँगको समन्वय र सहकार्यमा विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ। प्रादेशिक अस्पतालहरूमा रहेका जेरियाट्रीक इकाईहरुको स्तरोन्नति गरी सेवा सुदृढ गरिनेछ। सेती, महाकाली र टीकापुर अस्पतालहरूबाट एकल महिला, 'क' वर्गको अपांगता भएका व्यक्ति तथा जेष्ठ नागरिकहरुलाई निःशुल्क परीक्षण र औषधि व्यवस्थापन गरिनेछ। संघबाट सञ्चालनमा रहेका सरकारी अस्पतालहरू प्रदेश मातहत ल्याउनका लागि पहल गरिनेछ ।

९२. स्थानीय तहमार्फत जेष्ठ नागरिक समूह गठन र दिवा सेवा केन्द्र स्थापना तथा सञ्चालनमा जोड दिइनेछ । जेष्ठ नागरिकहरुको उचित संरक्षण तथा सहज जीवनयापनका लागि आवश्यक पूर्वाधार विकास गर्नुका साथै जेष्ठ नागरिक स्याहार सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिनेछन् । **"सहयोगापेक्षी सडक मानवमुक्त सुदूरपश्चिम अभियान"** सञ्चालनमा स्थानीय तह, निजी क्षेत्र र गैरसरकारी संघसंस्थासँग साझेदारी गरिनेछ ।

९३. ग्रामीण क्षेत्रका सीमान्तकृत महिलाको क्षमता अभिबृद्धि गरी जीवनस्तर सुधार गरिनेछ । विपन्न, संकटग्रस्त, द्वन्द्व पीडित एवम् बञ्चितिमा परेका व्यक्तिहरूका लागि **"स्वर्गीय जयराज भट्ट क्षमता विकास तथा सशक्तीकरण कार्यक्रम"** सञ्चालन गरिनेछ । साथै विशेषतः थारु, बादी, राजी, सोनाहा, मुक्त हलिया, कम्लरी, मुक्त कमैया र राउटे समुदायका महिला तथा किशोरी लक्षित आर्थिक-सामाजिक कार्यक्रम सञ्चालन गरिनेछ ।

९४. बालबालिका तथा किशोरकिशोरी बिरुद्ध हुने सबै प्रकारका हिंसाको अन्त्य गरिनेछ । बालबालिका सम्बन्धी नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ । विशेष संरक्षणको आवश्यकता भएका र हिंसा तथा जोखिममा परेका बालबालिकाको लागि प्रदेश बालकोष स्थापना गरिनेछ । स्थानीय तहसँगको साझेदारीमा **"सानै छु म, बढ्न देउ, बाल विवाह होईन, पढ्न देउ"** अभियान सञ्चालन गरिनेछ ।

९५. अपांगता भएका व्यक्तिहरूका लागि स्थानीय तह, गैरसरकारी संघसंस्था तथा निजी क्षेत्रको साझेदारीमा सहायक सामग्री वितरण तथा पुनःस्थापना केन्द्रहरूको स्थापना र विस्तार गरी सेवा प्रदान गरिनेछ ।

९६. मानव बेचबिखन तथा ओसार-पसार नियन्त्रणका लागि नीतिगत एवम् संस्थागत सुदृढीकरण गरिनेछ ।

९७. विद्यालयमा शैक्षिक गुणस्तर बृद्धि, विद्यालय छोड्ने दर न्यूनीकरण र मानसिक स्वास्थ्य प्रवर्द्धनका लागि गैरसरकारी संघ संस्था र स्थानीय तहसँगको सहकार्यमा विद्यालय मानसिक स्वास्थ्य कार्यक्रमलाई अभियानका रुपमा सञ्चालन गरिनेछ ।

९८. महिला विरुद्ध हुने सबै प्रकारका हिंसा र दुर्व्यवहारको अन्त्यका लागि संरक्षणात्मक र निरोधात्मक उपायहरू अबलम्बन गरिनुका साथै लैङ्गिक हिंसा निवारण र लागुऔषध दुर्व्यसन नियन्त्रणका लागि सुरक्षा निकायसँगको साझेदारीमा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ । नेतृत्व तहमा भएका महिलाहरूको अर्थपूर्ण सहभागिताका लागि क्षमता अभिबृद्धिका कार्यक्रमहरू सञ्चालन गरिनेछन् । महिलाहरूलाई उद्यम र रोजगारतर्फ प्रोत्साहित गर्न **"द्वारीका देवी ठकुरानी महिला सशक्तीकरण कार्यक्रम"** सञ्चालन गरिनेछ ।

९९. कार्यस्थलमा हुने लैङ्गिक हिंसा, कामदारहरूको व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी प्रशिक्षण तथा परामर्श, श्रमिकको स्वास्थ्य परीक्षण, उद्यमशीलताको विकास र उत्कृष्ट श्रमिक उद्यमी पहिचान गरी पुरस्कृत गर्न आवश्यक नीति, कार्यविधि र मापदण्ड तर्जुमा गरिनेछ ।

१००. वैदेशिक रोजगारीबाट फर्केका श्रमिकको तथ्यांक संकलन गरी उनीहरूले विदेशमा सिकेको ज्ञान, सीप र प्रविधि अनुसार व्यवसाय गर्न वित्तीय पहुँच सहितका कार्यक्रमहरू सञ्चालन गरिनेछन् । त्यस्ता श्रमिकहरूको सीप प्रमाणीकरण गरी उनीहरुलाई व्यावसायिक तालिम प्रशिक्षकका रुपमा आवश्यकतानुसार उपयोग गरिनेछ ।

१०१. निजी क्षेत्र तथा सहकारी क्षेत्र समेतको सहकार्यमा प्रदेश भित्रै रोजगारीको अवसर वृद्धि गरिनेछ । श्रमलाई मर्यादित र व्यवस्थित बनाउन तथा सम्पूर्ण श्रमिकहरुलाई पञ्जीकृत गरी सामाजिक सुरक्षाको दायरामा ल्याउन सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रम संचालन गरिनेछ। सबै प्रकारको बालश्रमको अन्त्य गर्न आवश्यक नीतिगत तथा कानुनी व्यवस्था गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

१०२. आर्थिक विकास तथा गरिबी निवारणमा योगदान पुर्‍याउन उद्यमशीलता विकास, स्वरोजगारका कार्यक्रम, औद्योगिक जनशक्ति विकास र क्षमता अभिबृद्धि कार्यक्रम संचालन गरिनेछ ।

१०३. स्थानीय तहको समन्वयमा वैदेशिक रोजगारलाई सुरक्षित, शोषणमुक्त, मर्यादित र अधिकतम् प्रतिफलदायक बनाउन अन्तर्राष्ट्रिय श्रम बजारमा माग हुने सीप तथा पेशाको पहिचान गरी सीप विकास तालिम लिएर मात्र वैदेशिक रोजगारीमा जान प्रोत्साहन गरिनेछ ।

१०४. श्रम बजारमा बालश्रम तथा बाध्यकारी श्रमको अन्त्य गर्नका लागि संघ र स्थानीय तहसँगको समन्वयमा रोजगार सेवा केन्द्र र रोजगार सूचना केन्द्रको सुदृढीकरण गरिनेछ ।

१०५. आगामी संवत् २०८१ देखि २०९० सम्मको समयलाई दलित अधिकार दशक घोषणा गरी दलितहरूको राजनीतिक, आर्थिक र सामाजिक क्षेत्रको अध्ययन गरी गुरुयोजना तयार गरिनेछ । दलित विकास समिति गठन गरी दलित समुदायको परम्परागत सीप तथा व्यवसायलाई आधुनिकीकरण गर्न **"टिकाराम पार्की दलित सशक्तीकरण सीप विकास कार्यक्रम"** सञ्चालन गरिनेछ ।

**माननीय सदस्यहरू,**

१०६. विकास आयोजनाहरू निर्धारित समय, लागत र गुणस्तरमा सम्पन्न गर्न आयोजनाको छनौट, प्राथमिकीकरण, प्राथमिकताका आधारमा बजेट विनियोजन गरिनेछ । साथै, आयोजनाको छनौट तथा विनियोजन कुशलता र बजेट खर्च सुधार गर्न आवश्यक व्यवस्था गरिनेछ ।

१०७. आयोजनाहरूको लगानी र प्रतिफललाई सुनिश्चित गर्नको लागि **"आयोजना जीवन चक्र"** को अवधारणामा आयोजनाको पूर्व तयारी, निर्माण चरण र निर्माण पश्चात् व्यवसायिक योजना सहित दिगो सञ्चालन तथा व्यवस्थापनमा ध्यान दिने व्यवस्था मिलाइनेछ ।

१०८. मध्यमकालीन खर्च संरचना र आयोजना बैङ्कको अवधारणा बमोजिम, प्रतिफल दिने आयोजनाहरूको छनौट गरी प्रदेश सरकारको करारीय आर्थिक दायित्व घटाउँदै जाने नीति अवलम्वन गरिनेछ ।

१०९. प्रदेश गौरव तथा वहुवर्षीय आयोजनाको समीक्षा तथा पुर्नमूल्याङ्कन गरी निर्माण सम्झौता भैसकेका आयोजनाको खण्ड सम्पन्न गर्ने लक्ष्य लिइनेछ ।

११०. विकास आयोजनाहरूको अनुगमन तथा मूल्याङ्कनलाई नतिजामूलक बनाइनेछ ।

१११. प्रदेशका नदीहरुमा बाढीको कारणबाट भइरहेको जग्गा कटानलाई नयाँ प्रविधिमा आधारित एकीकृत नदी नियन्त्रण तथा व्यवस्थापन मार्फत सार्वजनिक तथा व्यक्तिगत सम्पत्ति र खेतियोग्य जमिनको संरक्षण गरी जग्गा उकासको नीति अवलम्बन गरिनेछ ।

११२. प्रदेशको खाद्य सुरक्षालाई प्राथिमकतामा राखी कैलाली र कञ्चनपुर जिल्लाको खेतीयोग्य जमिनमा बाह्रै महिना सिंचाइ सुबिधा उपलब्ध गराउन भूमिगत र सतही जलस्रोतको

संयोजनात्मक उपयोग हुने गरी सिंचाइ संरचनाहरू निर्माण, मर्मत तथा व्यवस्थापन गर्दै जलवायु अनुकूलित सिंचाइमा विशेष जोड दिइनेछ ।

११३. जलवायु परिवर्तनका कारण सतही स्रोतहरूको क्षमतामा हुँदै गएको ह्रासलाई मध्यनजर गर्दै जलस्रोतको पुनर्भरण, स–साना जलासययुक्त बहुउद्देश्सीय आयोजना र सोलार तथा बिजुली पम्पिङ् आयोजनाहरूबाट सिंचाइ सुविधा सुनिश्चित गर्ने नीति लिइनेछ ।

११४. प्रत्यक्ष रुपमा उत्पादन र रोजगारीलाई टेवा दिने गरी कृषि तथा वन क्षेत्रसँगको समन्वयमा सिंचाई कार्यका लागि स्थानीय तहलाई वित्तीय हस्तान्तरण गरिनेछ ।

११५. निर्माण सम्पन्न भएका सिंचाइ आयोजनाहरूको दिगो सञ्चालन तथा व्यवस्थापनका लागि व्यवसायिक योजना **(Business Plan)** तयार गरी संस्थागत सुधार, क्षमता बृद्धि र सिंचाइ सुशासन अभिवृद्धि गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

११६. नेपाल सरकारले शत प्रतिशत क्षेत्रमा विद्युतको राष्ट्रिय प्रशारण लाइन पुऱ्याउने लक्ष्य लिएको सन्दर्भमा प्रदेशमा रहेका लघु तथा साना जलविद्युत आयोजनालाई राष्ट्रिय प्रशारण लाइनमा जोड्न प्रेरित गर्ने र विद्युत खपतलाई उत्पादन तथा रोजगार वृद्धि हुने क्षेत्रमा खपत गर्न प्रोत्साहन गरिनेछ ।

११७. विद्युत उत्पादनमा प्रदेश सरकार र निजी क्षेत्रको लगानीलाई प्रोत्साहन गर्न नीतिगत, कानूनी र संरचनागत सुधार गरी सार्वजनिक-निजी सहकार्यलाई प्रोत्साहन गरिनेछ ।

११८. खानेपानी आयोजनाहरू निर्माण मात्र हुने तर निर्माण सम्पन्न भएका आयोजनाहरूको दिगो सञ्चालन तथा व्यवस्थापनमा जटिल समस्या उत्पन्न भई खानेपानी सेवा आंशिक वा पूर्ण रुपमा अवरूद्ध भएको परिप्रेक्षमा निर्माण सम्पन्न भएका खानेपानी आयोजनाहरूको व्यवसायिक योजना **(Business Plan)** तयार गरी सेवा प्रदायकको संस्थागत क्षमता वृद्धि र खानेपानी सुशासन अभिवृद्धि गर्न ठोस कार्यक्रम लागू गरिनेछ ।

११९. सबैका लागि सुरक्षित खानेपानी सुनिश्चित गर्न **"जलाधार देखि उपभोक्ताको धारासम्म पानी शुद्धीकरणको कार्यक्रम"** सञ्चालन गरिनेछ ।

१२०. स्थानीय तहसँगको सहकार्यमा वित्तीय हस्तान्तरण मार्फत खानेपानीका स्रोतहरूको संरक्षण र पुनर्भरण कार्यक्रम सञ्चालन गरिनेछ ।

१२१. स्थानीय तहसँगको समन्वय तथा सहकार्यमा सबैका लागि सुरक्षित रुपमा सरसफाई व्यवस्थापन तथा स्वच्छता कार्यक्रमलाई अभियानको रूपमा सञ्चालन गरिनुका साथै लागत साझेदारीमा स्मार्ट शौचालय निर्माण कार्य सञ्चालन गरिनेछ ।

१२२. सडक तथा सडक पूल पूर्वाधारको गत विगत वर्षहरूको करारीय दायित्व र प्रदेश सरकारसँग भएको स्रोत सीमिततालाई मध्यनजर गर्दै प्रदेश गौरव र बहुवर्षीय आयोजनाहरूको निर्माण सम्पन्न गर्न विशेष प्राथमिकता दिइनेछ ।

१२३. नयाँ सडक तथा सडक पूल निर्माण गर्दा प्रादेशिक लगानी प्राथमिकताप्राप्त सडकहरूको सूचीबाट कनेक्टीभिटी, उत्पादन र रोजगारी अभिवृद्धि गर्ने आयोजनालाई छनौट गरी प्राथमिकता दिइनेछ । प्रादेशिक सडक गुरूयोजनाको मस्यौदालाई सरोकारवालासँगको छलफलबाट अन्तिम रूप दिइनेछ ।

१२४. राष्ट्रिय तथा प्रादेशिक रणनीतिक सडक र राजमार्गबाट स्थानीय तहको केन्द्र जोड्ने सडक र एउटा तहबाट अर्को तह जोड्ने रणनीतिक सडकलाई बाह्रै महिना सञ्चालन सुनिश्चितताका लागि प्राथमिकता दिइनेछ ।

१२५. हालसम्म पनि सडक सञ्जालसँग नजोडिएका बझाङ्गको साइपाल, बैतडीको सिगास र दार्चुलाको अपिहिमाल गाउँपालिकाको केन्द्र जोड्ने सडकलाई उच्च प्राथमिकता दिई निर्माण कार्य अघि बढाइनेछ । सडक सञ्जाल नपुगेका दुर्गम एवम् ग्रामीण क्षेत्रमा आधारभूत सेवालाई सहज पहुँचयोग्य एवम् सुरक्षित बनाउन झोलुङ्गे पुल निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

१२६. सडक दुर्घटना न्यूनीकरणका लागि आवश्यक नीति तथा सडक सुरक्षा योजना तर्जुमा गरी उपयुक्त प्रविधिको प्रयोगलाई कार्यान्वयनमा ल्याइनेछ । प्रदेशबाट निर्माण भएका सडकको नियमित तथा आवधिक मर्मत सम्भारको योजना बनाई कार्यान्वयनमा ल्याइनेछ । प्रदेशमा प्रो-बेस सडक निर्माणको संभाव्यताको अध्ययन गरिनेछ ।

१२७. सवारी साधन र सवारीचालक अनुमतिपत्र सम्बन्धी अभिलेखको डिजिटाइजेसन र आर्काइभिङ गरिनेछ।

१२८. यातायात व्यवस्थालाई सूचना प्रविधिमैत्री बनाई सवारीचालक अनुमतिपत्र, सवारी साधन दर्ता, नवीकरण र राजश्व भुक्तानी लगायतका सेवाहरूलाई अनलाइन प्रणाली मार्फत थप प्रभावकारी रूपमा सञ्चालन गरिनेछ ।

१२९. प्रदेश सार्वजनिक यातायातको भाडादर स्वचालित प्रणाली बमोजिम समायोजन गर्ने व्यवस्था मिलाइनेछ ।

१३०. विद्युतीय सवारी साधनको प्रयोगलाई प्रोत्साहन गर्न सम्भाव्य स्थानमा निजी क्षेत्रको सहकार्यमा विद्युतीय चार्जिङ स्टेसन सहितको एकीकृत स्मार्ट रिफ्रेसमेन्ट सेन्टरको निर्माण गर्न सम्भाव्यता अध्ययन गरिनेछ ।

**माननीय सदस्यहरू,**

१३१. प्रदेशमा शान्ति सुरक्षा र अमनचयन कायम गरी अपराधको अनुसन्धान र अभियोजनलाई थप तथ्यपरक र वैज्ञानिक बनाउन प्रदेश प्रहरीलाई थप दक्ष, व्यावसायिक र उच्च मनोबलयुक्त बनाउने गरी क्षमता अभिवृद्धि कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१३२. सडक सुरक्षा तथा ट्राफिक व्यवस्थापन समेतलाई मध्यनजर गरी प्रदेशका प्रमुख राजमार्गहरूमा सडक सुरक्षा तथा ट्राफिक सचेतना सम्बन्धी विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।

१३३. प्रदेशस्थित सुरक्षा निकायबाट प्राप्त सूचनाहरूलाई व्यवस्थित गर्न आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा सूचना समन्वय कक्षको स्थापना गरिनेछ ।

१३४. जातीय छुवाछुत तथा भेदभाव, सामाजिक कुरीति, यौन तथा घरेलु हिंसा, मानवबेचविखन, मानव अधिकार र विद्युतीय अपराध बिरुद्ध सचेतनामूलक कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ।

१३५. प्रदेशस्थित कारागारहरूमा विद्यमान भौतिक पूर्वाधार र आधारभूत सुविधा स्तरोन्नति गरी कैदी बन्दीहरुका लागि पुस्तकालय, समय सापेक्ष सीप तथा उद्यम विकास, खेलकुद सामग्री वितरण, संगीत, योग-ध्यान जस्ता अतिरिक्त क्रियाकलापहरूमा जोड दिई कारागारलाई सुधारगृहका रुपमा थप सुदृढीकरण गरिनेछ।

१३६. लागुऔषध रोकथाम तथा नियन्त्रण राष्ट्रिय गुरुयोजना (२०७९-२०८४) कार्यान्वयनमा जोड दिई समुदाय, विद्यालय, स्थानीय तह र गैरसरकारी संस्था समेतको सहभागितामा लागुऔषध बिरुद्धको सचेतना अभियान सञ्चालन, उत्पादन, ओसारपसार, विक्री-वितरण तथा सेवनको नियन्त्रण र पुनर्स्थापना सम्बन्धी कार्यक्रम सञ्चालनमा जोड दिइनेछ । प्रदेश अस्पतालहरूसँग आवद्धता गरी लागुपदार्थ दुर्व्यसन विरुद्धको पुनःस्थापना केन्द्र सञ्चालनमा ल्याउन आवश्यक अध्ययन गरी सञ्चालन मोडालिटी विकास गरिनेछ ।

१३७. मानव अधिकारको सम्मान, संरक्षण र सम्वर्धनका लागि नेपाल सरकारबाट स्वीकृत मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना (२०७७/०७८-२०८१/८२) को प्रभावकारिता मूल्याङ्कनका आधारमा बाँकी क्रियाकलाप कार्यान्वयनमा जोड दिइनेछ ।

१३८. कानुन कार्यान्वयनको प्रभावकारिताको अध्ययन गरी आवश्यकताका आधारमा संशोधन तथा नयाँ कानुन निर्माण गरिनेछ । साथै, प्रदेशको एकल अधिकार क्षेत्रभित्र तर्जुमा हुन नसकेका कानुनहरू निर्माण गरिनेछ । प्रदेशले निर्माण गर्नुपर्ने आधारभूत कानुन तर्जुमामा सहजीकरण गर्न, कानुन निर्माण प्रक्रियालाई प्रविधिमैत्री बनाउन, अन्तरतह समन्वय र सहकार्य गर्न एवम्

प्रदेश तथा स्थानीय तहका कानुन सम्बन्धी अध्ययन, अनुसन्धान तथा अभिलेखीकरण गर्ने कार्य कानुन अनुसन्धान इकाई मार्फत अगाडि बढाइनेछ ।

१३९. आमसञ्चार तथा पत्रकारिता क्षेत्रको समग्र क्षमता अभिवृद्धिका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ । प्रदेश सरकारका गतिविधिहरू सम्प्रेषण गर्न सञ्चार क्षेत्रलगायत सामाजिक सञ्जालको उचित उपयोग गरिनेछ ।

१४०. विपद् सचेतना र सीप तथा क्षमता विकास कार्यलाई सहभागितामूलक बनाई सचेतना अभिवृद्धि गर्ने कार्यक्रमहरू ल्याइनेछ । साथै, विपद् प्रभावित व्यक्तिको तत्काल खोज र उद्धार तथा राहत वितरण कार्यका लागि द्रुत सञ्चालन दस्तालाई चुस्त र सक्रिय राख्न क्षमता विकास सम्बन्धी विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।

१४१. यस प्रदेशसँग सीमा जोडिएका अन्तर्राष्ट्रिय नाका भएर वैदेशिक रोजगारीका लागि बाहिरिने र स्वदेश फर्किने नेपाली नागरिकहरूको अभिलेख व्यवस्थापनका लागि आवश्यक प्रविधि विकास गरी कार्यान्वयनमा ल्याइनेछ । यसरी बैदेशिक रोजगारीबाट फर्किएका नागरिकहरूका लागि रोजगारमूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

**माननीय सदस्यहरू,**

१४२. प्रदेश सरकारबाट तर्जुमा भएका कानुनहरुको कार्यान्वयन र त्यसको प्रभाव मूल्याङ्कन गरिनेछ। प्रदेश सरकार मातहत रहेका निकायहरुले तयार गर्ने लिखित जवाफ तथा कानूनी राय सम्बन्धी प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

१४३. प्रदेश सरकार र मातहतका निकाय बिरुद्ध जारी भएका रिट आदेशको कार्यान्वयन भए नभएको जानकारी लिई सरकारलाई चुस्त-दुरुस्त बनाउन आवश्यक कानुनी राय, सल्लाह र परामर्श प्रदान गर्ने व्यवस्था मिलाइने छ ।

१४४. न्यायिक समितिका पदाधिकारीलाई न्याय सम्पादन तथा न्यायिक प्रक्रियाका सम्बन्धमा थप अभिमुखीकरण गरी कार्यसम्पादन सहजीकरण गरिनेछ ।

**माननीय सदस्यहरू,**

१४५. प्रदेशको राजधानी निर्माण प्रक्रिया अगाडि बढाइनेछ । सार्वजनिक संगठनहरूलाई नैतिक संगठनका रूपमा विकास गर्न, सार्वजनिक सेवालाई स्वच्छ, सक्षम, निष्पक्ष, जवाफदेही, जनउत्तरदायी र पारदर्शी बनाउँदै सेवा प्रवाहलाई सरल, सहज र पहुँचयोग्य बनाउन प्रदेशबाट आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ । **"हेलो प्रदेश सरकार कार्यक्रम"** सञ्चालनको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

१४६. कर्मचारी उत्प्रेरणा, असल कार्य वातावरण निर्माण र संस्थागत सुशासनलाई थप सबल एवम् सुदृढ बनाइनेछ । प्रदेश निजामती सेवाको गठन तथा सञ्चालन सम्बन्धी कानुनलाई समसामयिक परिमार्जन गरी प्रदेशमा समायोजन भई कार्यरत कार्मचारीको पदोन्नति लगायत वृत्ति विकास सुनिश्चित गरिनेछ ।

१४७. सुशासन प्रवर्द्धनका लागि सचेतनामूलक कार्यक्रमलाई प्राथमिकता दिनुका साथै भ्रष्टाचार बिरुद्ध शून्य सहनशीलताको नीतिलाई कडाइका साथ लागू गर्न भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि र नेपाल सरकारले तयार गरेको राष्ट्रिय रणनीति तथा कार्ययोजना बमोजिम प्रदेशस्तरीय भ्रष्टाचार न्यूनीकरण रणनीति र कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

१४८. अख्तियार दुरुपयोग अनुसन्धान आयोग एवम् महालेखापरीक्षकको कार्यालयबाट समय समयमा जारी भएका सुझाव तथा निर्देशनहरूको गम्भीरतापूर्वक कार्यान्वयन गरिनेछ । सुशासन प्रवर्द्धन गर्दै भ्रष्टाचार नियन्त्रण गर्न उक्त सुझाव र निर्देशनहरूको आधारमा प्रदेशका सम्बद्ध नीति, कानुन, निर्देशिका, मापदण्डमा क्रमिक रूपमा आवश्यक परिमार्जन एवम् संशोधन गर्ने व्यवस्था मिलाइनेछ ।

१४९. सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको संस्थागत सुदृढीकरण गरी अध्ययन अनुसन्धान एवम् प्रशिक्षण कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ । जनप्रतिनिधिको क्षमता विकास गर्न अनुभव आदानप्रदान, विज्ञसँगको अन्तरक्रिया, कानुन निर्माण लगायतका बिषयमा आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

१५०. प्रदेशमा कार्यरत कर्मचारीहरूका लागि सेवाप्रवेश तालिम, सेवाकालीन तालिम र क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरी जनशक्तिको कार्यगत क्षमता विकासमार्फत सेवा प्रवाहलाई सरल, सहज र प्रभावकारी बनाइनेछ ।

१५१. निजामती कर्मचारी आवासीय विद्यालयमा दक्ष शिक्षकको व्यवस्था एवम् उपयुक्त शिक्षण सिकाई वातावरण तयार गरी शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१५२. राष्ट्रिय किताबखाना (निजामती) सँग आवश्यक समन्वय र सहकार्य गरी प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारीहरूको वैयक्तिक अभिलेख प्रणालीलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

१५३. प्रदेश सरकारका नीति तथा कार्यक्रम कार्यान्वयनलाई प्रभावकारी तुल्याउन अनुगमन प्रणाली सुदृढ गरिनेछ । विकास निर्माण एवम् सेवा प्रवाहको एकीकृत विद्युतीय अभिलेखीकरण एवम् विद्युतीय अनुगमन प्रणालीलाई कार्यान्वयनमा ल्याइनेछ ।

१५४. प्रदेश तहबाट जारी भएका ऐन नियमको समसामयिक रुपमा परिमार्जन गरी थप कार्यान्वयन योग्य बनाउन आवश्यक समन्वय गरिनेछ ।

१५५. स्थानीय तहसँगको समन्वयमा स्थानीय तहका पदाधिकारी एवम् कर्मचारीहरूको क्षमता विकास कार्यक्रमहरू सञ्चालन गरी बेरूजु फछ्र्यौट र सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ । साथै, प्रशासनिक क्षमता सुदृढीकरणका लागि अनुसन्धानमूलक संस्थाहरूसँग सहकार्य गरिनेछ।

**माननीय सदस्यहरू,**

१५६. वार्षिक विकास कार्यक्रममा लैंगिक उत्तरदायी, दिगो विकास लक्ष्य र जलवायु अनुकूलन सम्बन्धी बजेट कोड अवलम्बन गरिनेछ । मध्यमकालीन खर्च संरचना, लैंगिक उत्तरदायी बजेट, दिगो विकास लक्ष्य र जलवायु अनुकूलन बजेट तर्जुमाका लागि कोड (सांकेतीकरण) सम्बन्धी निर्देशिका तर्जुमा तथा दिगो विकास लक्ष्यको समीक्षा प्रतिवेदन तयार गरी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

१५७. प्रदेश आयोजना बैंक तर्जुमा दिग्दर्शनमा समावेश भए बमोजिम प्रदेश आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीको प्रयोगलाई अनिवार्य गरिने छ ।

१५८. एकीकृत राष्ट्रिय तथ्याङ्क नीतिसँग सामञ्जस्य हुने गरी प्रदेशस्तरमा तथ्याङ्क सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन सम्बन्धमा प्रादेशिक नीति तर्जुमा गरी प्रमाणमा आधारित योजना तर्जुमा पद्धतिको विकास गरिनेछ ।

१५९. आयोजनाको छनौट, कार्यान्वयन र व्यवस्थापनमा देखिएका समस्या समाधान गर्न आवश्यक कानूनी तथा नीतिगत व्यवस्था गरिनेछ । आयोजना छनौट र प्राथमिकीकरणलाई नियमित कार्य प्रणालीमा आवद्ध गरिनेछ ।

१६०. सोह्रौ योजनाको स्वीकृति पश्चात प्रदेशस्तरीय आवधिक योजनामा समेत प्रभाव पर्ने भएको हुँदा उक्त योजनासँग तादात्म्यता कायम गर्नका लागि यस प्रदेशको प्रथम पञ्चवर्षीय (२०७८/७९-२०८२/८३) योजनाको समीक्षा गरी आवश्यक पुनरावलोकन गरिनेछ ।

१६१. तर्जुमा भई कार्यान्वयनमा आएका प्रादेशिक क्षेत्रगत नीतिहरुको समीक्षा गरी आवश्यक परिमार्जन गरिनेछ।

१६२. प्रदेश गौरवका आयोजना छनौट सम्बन्धी मापदण्ड निर्धारण गरी हाल सञ्चालित आयोजनाहरूको पुनरावलोकन गरिनेछ । विषयगत क्षेत्र समेटिने गरी प्राविधिक, आर्थिक, सामाजिक तथा वातावरणीय दृष्टिले सम्भाव्य आयोजनाहरूलाई प्रदेश गौरवका आयोजनाको रुपमा छनौट गरिनेछ ।

१६३. राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन ऐनका आधार र संविधानले तोकेको प्रदेशको कार्यक्षेत्रभित्र सञ्चालित आयोजना र कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कानुनी प्रबन्धका लागि प्रदेश अनुगमन तथा मूल्याङ्कन विधेयक तर्जुमा गरिनेछ ।

१६४. प्रदेशस्तरमा अन्तर्राष्ट्रिय सहायता परिचालनको लागि सरकारी, सार्वजनिक, पेशागत संघसंस्था, नागरिक समाज र विकास साझेदारबीच सञ्जालको विकास गरी यस सम्बन्धी अनुभवको आदान-प्रदान मार्फत विशेषज्ञताको विकास गर्ने रणनीति अख्तियार गरिनेछ ।

१६५. आवधिक योजना तर्जुमा गर्न बाँकी रहेका यस प्रदेशभित्रका स्थानीय तहहरूमा आवधिक योजना तर्जुमा गर्नका लागि आवश्यक समन्वय र सहयोग गरी योजनाबद्ध विकास प्रयासलाई संस्थागत गरिनेछ ।

१६६. आत्मनिर्भर प्रदेश निर्माणका लागि कृषिमा उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न प्रदेशभित्र सतह सिंचाई, भूमिगत सिंचाई, जलश्रोत व्यवस्थापन तथा जलउत्पन्न प्रकोप सम्बन्धी वस्तुगत विवरण सहितको तथ्याङ्क संकलन र विश्लेषण गरी सिंचाई तथा जलश्रोत व्यवस्थापन सम्बन्धी उपयुक्त नीति अवलम्बन गरिनेछ ।

१६७. प्रदेशमा हुने विकासात्मक क्रियाकलापमा दिगोपना सुनिश्चित गर्न सार्वजनिक, निजी, सहकारी, गैरसरकारी तथा नागरिक समाज लगायतका विकासका बहु-सरोकारवालाबीच समन्वय र सहकार्यको वातावरण निर्माण गरी **"स्वच्छ हरित विकास (Clean Green Development)"** को नीति अवलम्बन गरिनेछ । यसका लागि आवश्यकता अनुसार नीति तथा कानुन तर्जुमा र परिमार्जन समेत गरिनेछ ।

**माननीय सदस्यहरू,**

१६८. प्रदेश सभाको संस्थागत सुदृढीकरणका लागि आवश्यक व्यवस्था गरिनेछ । प्रदेश सभाका माननीय सदस्यहरूको उपचार वीमा गर्न आवश्यक प्रवन्ध मिलाइनेछ ।

१६९. प्रदेश लोक सेवा आयोगको संस्थागत क्षमता विकासका लागि आवश्यक पूर्वाधारको व्यवस्था मिलाइनेछ । प्रदेश निजामती सेवा र स्थानीय सेवाका रिक्त दरबन्दीहरूमा पदपूर्ति गर्ने कार्यलाई प्रभावकारी बनाउन आयोगलाई प्रविधियुक्त एवम् स्रोतसाधन सम्पन्न बनाउँदै लगिनेछ ।

**माननीय सभामुख महोदय,**

**माननीय प्रदेश सभा सदस्यज्यू,**

आर्थिक वर्ष २०८१/८२ का लागि प्रस्तावित नीति तथा कार्यक्रमले समृद्ध र सबल सुदूरपश्चिम प्रदेश निर्माण गर्ने सङ्कल्पलाई साकार तुल्याउन महत्वपूर्ण योगदान पुग्ने विश्वास गरेको छु । प्रस्तुत नीति तथा कार्यक्रमको कार्यान्वयनबाट हालसम्म हासिल भएका राजनीतिक, सामाजिक तथा आर्थिक उपलब्धि संस्थागत हुनुको साथै आगामी दिनमा विकास प्रक्रियामा थप गतिशीलता आउने र प्रभावकारी एवम् नतिजामुखी सेवा प्रवाहमार्फत सुशासनको प्रत्याभूति हुनेछ। प्रस्तुत नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनबाट राष्ट्रिय र प्रादेशिक हित, गौरव, स्वाभिमान, सन्तुलन र सम्मान अभिवृद्धि हुने भएकाले यसमा प्रदेश सभाको समर्थन एवम् सबैको सक्रिय सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्दछु ।

अन्त्यमा, प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमाको क्रममा सुझाव र सहयोग प्रदान गर्नुहुने राजनीतिक दल, प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, बुद्धिजीवी, सहकारी एवम् निजी क्षेत्र, गैरसरकारी संघसंस्था, आम-सञ्चारजगत, नागरिक समाज, उद्योगी, व्यवसायी, किसान, श्रमिक वर्ग र सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइप्रति हार्दिक आभार व्यक्त गर्दै प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनको लागि सबैबाट सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्दछु।

धन्यवाद !!

सम्वत् २०८१ साल जेठ २० गते आइतबार ।